केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२१/०७६/७७ मिति: २०७७/०१/१६

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. कोभिड-१९ बाट ऋणीहरुमा परेको असर न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाले ऋणीहरुको २०७६ चैत मसान्तमा कायम व्याजदरमा **दुई प्रतिशत विन्दुले** कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको व्याज रकम गणना गर्नुपर्ने छ ।

क) तर, खाद्यान्न प्रशोधन तथा बिक्री वितरण संग सम्बन्धित व्यवसाय, ग्याँस उत्पादन तथा बिक्री वितरणसंग सम्बन्धित व्यवसाय, सोप एण्ड केमिकल्स, औषधी बिक्री वितरणसंग सम्बन्धित व्यवसाय, इन्टरनेट सेवा प्रदायक, दुरसंचार सेवा प्रदायक, टेलिभिजन सेवा प्रदायक, सूर्ती तथा मदीराजन्य उद्योग, सञ्चालनमा रहेको जलविद्युत आयोजनाको हकमा यो व्यवस्था लागु हुने छैन ।

(ख) यसरी व्याजदर गणना गर्दा आधारदर भन्दा कम गर्न बाध्यकारी हुने छैन ।

(ग) इजाजतपत्रप्राप्त खुद्रा कर्जा कारोबार गर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाले ऋणीहरुको २०७६ चैत मसान्तमा कायम व्याजदरमा तीन प्रतिशत विन्दुले तथा थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले दुई प्रतिशत विन्दुले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको व्याज रकम गणना गर्नुपर्ने छ ।

(घ) २०७७ असार मसान्त पश्चात विद्यमान व्यवस्था अनुसार आधार दरका आधारमा कायम हुने व्याजदर निर्धारण गर्न सकिनेछ ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले कोभिड-१९ बाट उत्पन्न परिस्थितिबाट प्रभावित होटेल, रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल, ट्रेकिङ लगायतका पर्यटन क्षेत्र तथा हवाइ उड्डयन, व्यवसायिक प्रयोजनका सवारी साधन, साना तथा मझौला उद्योग, निर्यात उद्योग, मनोरञ्जन उद्योग, अस्पताल, पोल्ट्री व्यवसाय आदिमा सकृय वर्गमा वर्गीकृत ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको आधारमा ऋण प्रदान गर्ने संस्था आश्वस्त भएमा आवश्यकता पहिचान गरी स्वीकृत सीमाको **१० प्रतिशत सम्म थप चालु पुँजी कर्जा** प्रदान गर्न सकिने छ ।

(क) उपर्युक्त बमोजिमको सिमा प्रदान गर्दा कर्जा स्वपुँजी अनुपातको व्यवस्था अनिवार्य हुनेछैन ।

(ख) यसरी प्रदान गरिएको सीमा नबिकरण गर्न पाइने छैन र भुक्तानी अवधी बढिमा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

एक बर्षको हुन सक्नेछ ।

**यस बैंकबाट मिति २०७६।१२।१६ मा जारी प.सं. बै.वि.नि.वि/नीति/सूचना/१८/०७६/७७ को सूचनाको बुँदा नं. ९ खारेज गरिएको छ ।**

३. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" तथा "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले **२०७७ बैशाख तथा जेठ महिनामा असुल गर्नुपर्ने मासीक/त्रयमासीक** किस्ताहरुको भुक्तानी **२०७७ असार मसान्त** सम्ममा हुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता किस्ताको हकमा कुनै किसिमको थप शूल्क वा हर्जाना (Penal Charges, Penal Interests etc.) लिन पाइने छैन । किस्ता असुल नभएको कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले लकडाउन अवधिमा भुक्तानी गर्नुपर्ने **सम्पुर्ण चालुपुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको** सांवा तथा व्याजको भुक्तानी अवधि **६० दिन सम्म** थप गर्न सकिनेछ ।

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक